# महालेखापरीक्षकको कार्यालय

बबरमहल, काठमाडौं

## सामान खरिदसम्बन्धी सिलबन्दी दरभाउपत्रको सूचना
## सूचना नं.१।२०७०।७१

(प्रथम पटक प्रकाशित मिति २०७०।७।२५)

यस कार्यालयको लागि आर्थिक वर्ष २०७०।७१ मा आवश्यक पर्ने मसलन्द सामान तथा कम्प्यूटर एवं फोटोकपी प्रिन्टरको टोनर खरिद गर्नु पर्ने भएकोले स्थायी लेखा नम्बर,मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र,व्यवसाय दर्ताको इजाजतपत्र,सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट प्राप्त कर चुक्ता प्रमाणपत्र वा कर विवरण पेश गरेका आपूर्तिकर्ताहरुबाट निम्न अनुसारका शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र दाखिला गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक सिलबन्दी दरभाउपत्रदाताले २०७०।७।२५ देखि २०७०।८।१० गते सम्म यस कार्यालयबाट प्रत्येक सिलबन्दी दरभाउपत्रको लागि रु.३००।– (तीनसय) पछि फिर्ता नहुने गरी बुझाई खरिद गर्न सकिनेछ । सिलबन्दी दरभाउपत्र २०७०।८।११ गते १२:०० बजेसम्ममा यस कार्यालयमा दर्ता गराइसक्नुपर्नेछ । सिलबन्दी दरभाउपत्रको खाममा दरभाउपत्रदाताको नाम, ठेगाना,सिलबन्दी दरभाउपत्र नं. एवं सामानको विवरण स्पष्ट उल्लेख गरी सिलछाप संख्या समेत खुलाएको हुनुपर्नेछ ।

२. प्राप्त सिलबन्दी दरभाउपत्रहरु २०७०।८।११ का दिन दिनको १:०० बजे सिलबन्दी दरभाउपत्रदाता वा लिखितपत्र भएका निजका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । सो दिन बिदा परेमा सोको लगतै कार्यालय खुलेको दिन सोही समयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. प्रत्येक सिलबन्दी दरभाउपत्रको लागि जमानतबापत देहाय अनुसार कोष तथा लेखा नियन्त्रक कार्यालय,काठमाडौंको नेपाल राष्ट्र बैंक, थापाथलीस्थित धरौटी खाता नं.१२०१२००००१००२५२४ मा नगद जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिन म्याद भएको विड वण्ड पेश गर्नुपर्नेछ । सिलबन्दी दरभाउपत्रको मान्य अवधि सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले ४५ दिनको हुनुपर्नेछ ।

४. बिल अफ क्वाण्टिटीमा निर्दिष्ट भए अनुसार जम्मा कबोल रकम उल्लेख गरी सो रकममा मूल्य अभिवृद्धि कर समेत जोडी कूल जम्मा अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. रीत नपुगेको ,म्याद नाघी प्राप्त भएको,केरमेट भई अंक अक्षर नबुझिने,सिलबन्दी दरभाउपत्रदाताको हस्ताक्षर नभएको वा सिलबन्दी नभएको सिलबन्दी दरभाउपत्रउपर कुनै कारबाही गरिने छैन ।

६. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

| सिलबन्दी दरभाउपत्र नं. | खरिद गरिने सामानको विवरण | आवश्यक न्यूनतम जमानत (रु.) |
|---|---|---|
| २०७०।७१–००१ | मसलन्द सामान | २२,०००।०० |
| २०७०।७१–००२ | कम्प्यूटर एव फोटोकपी प्रिन्टरको टोनर | २२,०००।०० |